# सिरानचोक गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष श्री रीता देवकोटा ज्यूद्धारा प्रस्तुत

# आर्थिक बर्ष २०८१/८२को बजेट वक्तब्य

सिरानचोक गाउँकार्यपालिका

गाउँकार्यपालिकाको कार्यालय

छोप्राक,गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८१/०३/१०

**आदरणीय गाउँ सभाका सभा अध्यक्ष ज्यू,**
**सभाका  सदस्य ज्यूहरु,**

नेपालको संविधान २०७२ अनुसार नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा तिनै तहको सरकारको व्यवस्था भए वमोजिम स्थानीय तहको दोश्रो कार्यकालको निम्ति निर्वाचित हामी सिरानचोक गाउँपालिकाका जनप्रतिनिधिहरुको तर्फबाट आगामी आर्थिक वर्ष २०८१/८२को लागि वजेट र कार्यक्रम प्रस्तुत गर्न गइरहेको सन्दर्भमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनको निम्ति २००७,२०४६ र २०६२/६३को जनआन्दोलन, सशस्त्र द्वन्द र मधेश आन्दोलनले नेपाली लोकतन्त्रको जग निर्माण गरी संघीय गणतन्त्र नेपालको लागि जीवन आहुति गर्नुहुने ज्ञातअज्ञात शहिदहरु प्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु। घाइते, वेपत्ता र द्वन्द पिडितहरु प्रति सम्मान प्रकट गर्दछु। साथै राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सिरानचोकका राजनीतिक नेतृत्व र सबै अग्रजहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

यस गरिमामय सभामा आर्थिक वर्ष २०८१/८२को वार्षिक वजेट तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुश गरेको छु। वार्षिक वजेट तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सल्लाह, सुझाव दिनुहुने सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, आमा, बुबा, दाजुभाइ, दिदीबहिनी, शिक्षक, कर्मचारी लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु।

यस एतिहासिक, पर्यटकीय, बहुभाषिक, बहु-धार्मिक, बहु-सांस्कृतिक, बहु-जातिय बसोबास गर्ने विविधता युक्त गाउँपालिकामा रहेका समग्र जनताको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन  र गाउँपालिकाको आर्थिक वृद्धि गरी आत्मनिर्भर बनाउने उद्देश्य र सिरानचोकमा रहेका सबै जनताको समृद्धिका लागि आगामी योजना कार्यक्रम कार्यान्वयन गर्ने गरी आ.व २०८१/८२को अनुमानित आय/व्यय सहितको वजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म **"समृद्ध एतिहासिक सिरानचोकको शानः दिगो विकासको अभियान"** भन्ने सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोचलाई मूर्तरुप दिन आर्थिक वर्ष २०८१/८२को बजेट निर्माणको उद्देश्य र वजेटका प्राथमिकताहरु निम्न वमोजिम प्रस्तुत गर्न अनुमति चाहन्छु।

**उद्देश्यहरुः**

- दिगो विकासको लक्षहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,
- राज्यद्वारा प्रदान गरिने सेवामा नागरिकहरुको पहुँच वृद्धि गर्ने,
- सार्वजनिक निर्माणलाई गुणस्तरीय तथा टिकाउ अवधारणामा संचालन गर्ने,
- सामाजिक, समावेशी र समतामुलक विकासको अवधारणालाई कार्यान्वयन गर्ने गरी कार्यक्रमहरु संचालन गर्ने,
- जनताको समृद्धिको निम्ति दैनिक जनजीवनमा परिवर्तन आउने गरी उत्पादनमुलक पेशा तथा व्यवसायिक कार्यक्रमलाई प्राथमिकिकरण गर्ने,
- आन्तरित आय वृद्धिको लागि प्रगतिशिल एवं वैज्ञानिक कर प्रणाली लागु गर्ने,
- सुशासनको अवधारणालाई लागु गर्ने,

**वजेटका प्राथमिकताहरुः**

- कृषि तथा पशु सेवा व्यवसायको विविधीकरण/व्यवसायिकरण
- सडकस्तर उन्नतिमा जोड
- गुणस्तरिय शिक्षा/प्राविधिक शिक्षामा जोड
- गुणस्तरिय स्वास्थ्य सेवामा वृद्धि
- युवा स्वोरोजगारको सिर्जना गरी आयआर्जनमा वृद्धि
- सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता
- लक्षित वर्गहरुको सशक्तिकरण तथा आर्थिक सवलीकरणको लागि सिपमुलक तालिमको व्यवस्थापन
- आम नागरिकको न्यायमा पहुँचको विस्तार गर्न न्यायिक समितिको कामकावाहीको प्राथमिकतामा जोड

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८१/८२को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**आम्दानी तर्फः**

- गाउँपालिकाले संघीय सरकार मार्फत प्राप्त गर्ने अनुदान मध्य वित्तिय समानिकरणमा रु.१३ करोड रुपैयाँ,
- संघीय सरकारको राजश्व बाँडफाँड बापत रु. ९ करोड २१ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ,
- संघीय सरकार शसर्त अनुदानमा रु. ३० करोड ८३ लाख रुपैयाँ,
- प्रदेश सरकार मार्फत वित्तिय समानिकरणमा रु. १ करोड ८५ लाख २५ हजार रुपैयाँ,
- प्रदेश सरकारको राजश्व तर्फ ६८ लाख २४ हजार रुपैयाँ अनुमान गरीएको छ।
- राजश्वको दायरा फराकिलो गर्दै एकिकृत सम्पत्तिकर, भूमिकर/मालपोत कर, घरवाहाल कर, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर र ब्यवसाय रजिष्ट्रेशन दस्तुर, ढुङ्गा, गिटी, बालुवा, दहत्तर वहत्तर तथा अन्य विक्रीबाट गरी कुल आन्तरिक राजश्व तर्फ रु.१ करोड१६ लाख रुपैयाँ आम्दानी अनुमान गरिएको छ।
- आ.व २०८०/८१को अनुमानित रु. १५ करोड रुपैयाँ बाँकी रहने अनुमान गरेको छु।
- संघीय सरकारको समपुरक अनुदान १ करोड ५० लाख रुपैयाँ,
- संघीय सरकार विशेष अनुदानमा १ करोड ४० लाख रुपैयाँ,
- प्रदेश सरकारको समपुरक अनुदान ८० लाख रुपैयाँ,
- प्रदेश सरकार विशेष अनुदानमा २० लाख रुपैयाँ गरी,
- कुल बजेट जम्मा रु. **७५ करोड ६४ लाख ४८ हजार ९ सय ९९ रुपैया** अनुमानित आय पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१/८२को अनुमानित व्ययको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क) तलव तथा प्रशासनिक खर्च तर्फः रु. ९ करोड ९१ लाख ४८ हजार ९ सय ९९ रुपैया

ख) विषयगत क्षेत्र योजनाको लागि आवश्यक रकमः रु. ७ करोड ६२ लाख रुपैया

ग) वडागत सिलिङ रकमः रु. ५ करोड ८ लाख रुपैया

घ) दिगो विकासको लक्ष्य कार्यन्वयन : रु. २ करोड रुपैया

ङ) गाउँपालिका गौरवका आयोजना, अन्य महत्वपूर्ण योजना र बाँकी रहेको भुक्तानी दायित्वका लागि : रु. १४ करोड रुपैया

च) सशर्त अनुदान कार्यन्वयनः रु. ३० करोड ८३ लाख रुपैया

छ) समपूरक अनुदान कार्यन्वयन : रु. ४ करोड ६० लाख रुपैया

ज) विशेष अनुदान कार्यान्वयनः रु. १ करोड ६० लाख रुपैया

**आदरणीय सभा अध्यक्ष ज्यू ,**

**सभाका सदस्य ज्यूहरु,**

अब विषय क्षेत्रगत रुपमा मुख्य कार्यक्रम तथा विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहन्छु ।

१. **<u>आर्थिक विकास क्षेत्रः</u>**

आर्थिक विकास क्षेत्र तर्फका लागि रकम रु. १ करोड ५२ लाख ४० हजार रुपैया वजेट विनियोजन गरेको छु।जस अन्तर्गत

- कृषि तथा भुमि व्यवस्थाका लागि रु. ३० लाख ४८ हजार रुपैया,
- सिंचाईका लागि रु. २२ लाख ८६ हजार रुपैया,
- पशुपन्छी तर्फ रु. ३० लाख ४८ हजार रुपैया,
- सहकारी तथा गरिवी निवारणमा रु. ७ लाख ६२ हजार रुपैया,
- उद्योग वाणिज्य तथा आपूर्तिमा रु. २२ लाख ८६ हजार रुपैया,
- सम्पदा संस्कृति तथा पर्यटनमा रु. १५ लाख २४ हजार रुपैया र
- श्रम तथा रोजगारीमा रु. २२ लाख ८६ हजार रुपैया विनियोजन गरेको छु ।

## २. सामाजिक क्षेत्रः

सामाजिक विकास क्षेत्र तर्फका लागि रकम रु. २ करोड २८ लाख ६० हजार रुपैया वजेट विनियोजन गरेको छु। जस अन्तर्गत

- स्वास्थ्य तथा पोषणमा रु. ५७ लाख १५ हजार रुपैया,
- शिक्षा, विज्ञान तथा प्रविधिमा रु. ४५ लाख ७२ हजार रुपैया,
- खानेपानी तथा सरसफाईमा रु. ५७ लाख १५ हजार रुपैया,
- युवा, खेलकुद तथा प्रवद्धन मा रु. ४५ लाख ७२ हजार रुपैया र
- महिला बालबालिका तथा समाज कल्याणमा रु. २२ लाख ८६ हजार रुपैया विनियोजन गरेको छु।

## ३. पूर्वाधार क्षेत्रः

पूर्वाधार क्षेत्र तर्फका लागि रकम रु. २ करोड २८ लाख ६० हजार रुपैयाँ वजेट विनियोजन गरेको छु।जस अन्तर्गत

- भवन, आवास, वस्ती तथा शहरीविकासका लागि रु. ८० लाख रुपैया,
- सडक, पुल तथा यातायात व्यवस्थाका लागि रु. ९१लाख ४५ हजार रुपैया,
- जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जामा रु. ३४ लाख ३० हजार रुपैया र
- सूचना तथा संचारमा रु. २२ लाख ८५ हजार रुपैया विनियोजन गरेको छु।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापनः

वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका लागि रकम रु. ७६ लाख २० हजार रुपैया वजेट विनियोजन गरेको छु।

- जस अन्तर्गत वन तथा जैविक विविधतामा रु. ३ लाख ८१ हजार रुपैया,
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा रु. ३४ लाख २९ हजार रुपैया,
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा रु. ११ लाख ४३ हजार रुपैया र
- विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलतामा रु. २६ लाख ६७ हजार रुपैया विनियोजन गरेको छु।

### ५. संस्थागत विकास तथा सुशासनः

संस्थागत विकास तथा सुशासन क्षेत्रका लागि रकम रु. ७६ लाख २० हजार रुपैया वजेट विनियोजन गरेको छु।

- जस अन्तर्गत नीति, कानून, न्याय तथा सुशासनमा रु. २६ लाख ६७ हजार रुपैया,
- सङ्गठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाहमा रु. २२ लाख ८६ हजार रुपैया,
- श्रोत परिचालनमा रु. ११ लाख ४३ हजार रुपैया र
- तथ्यांक प्रणाली र योजना व्यवस्थापनमा रु. १५ लाख २४ हजार रुपैया विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

वडा स्तरीय योजना तथा कार्यक्रमका लागि चाहिने आवश्यक रकमका लागि रु. ५ करोड ८ लाख रुपैया विनियोजन गरेको छु। जस अन्तर्गत

- वडा नं १को लागि रु. ५३ लाख ७७ हजार  रुपैया,
- वडा नं २ को लागि रु. ६० लाख ९८ हजार रुपैया,
- वडा नं ३को लागि रु. ६० लाख ३६ हजार ४० रुपैया,
- वडा नं ४को लागि रु. ६४ लाख ९६ हजार रुपैया,
- वडा नं ५को लागि रु. ६४ लाख ६३ हजार रुपैया,
- वडा नं ६को लागि रु. ६७ लाख ८० हजार रुपैया,
- वडा नं ७को लागि रु. ६५ लाख ९० हजार रुपैया र
- वडा नं ८को लागि रु. ६९ लाख ६० हजार रुपैया विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

दिगो विकासका प्रत्यक लक्ष्यहरु कार्यन्वयनका लागि विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु। दिगो विकासका लक्ष्यहरु कार्यन्वयनका लागि रकम रु. २ करोड रुपैया विनियोजन गरेको छु।जस अन्तर्गत

- गरिवी अन्त्यका लागि रु. ८ लाख रुपैया,
- भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्धता गर्न र कृषि प्रवद्धनका लागि रु. १० लाख रुपैया,
- स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धनका लागि १२ लाख रुपैया,
- समावेशी, समानतामूलक तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवद्धन गर्नका लागि रु. १८ लाख रुपैया,
- लैंगिक समानता हासिल गर्न र सबै महिला र बालबालिकालाई सशक्त बनाउनका लागि रु. ८ लाख रुपैया,
- स्वच्छ खानेपानी र सरसफाईको उपलब्धता सुनिश्चितका लागि रु.३० लाख रुपैया,
- सबैका लागि किफायती, विश्वसनिय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्नका लागि रु. ८ लाख रुपैया,
- सबैका लागि समावेशी तथा दीगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवद्धन गर्नका लागि रु. ८ लाख रुपैया,
- उत्थानशील पुर्वाधारको निर्माण, दीगो औद्योगिकीकरणको प्रवर्धन र नविन खोजलाई प्रोत्साहन गर्नका लागि रु.१२ लाख रुपैया,
- असमानता न्यूनीकरणका लागि रु. ६ लाख रुपैया,
- सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दीगो बनाउनका लागि रु. ३० लाख रुपैया,
- दीगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्नका लागि ८ लाख रुपैया,
- जलवायु परिवर्तन र यसको प्रभाव न्युनिकरणमा तत्काल पहलका लागि रु. १० लाख रुपैया,
- वनको दीगो व्यवस्थापन, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्नका लागि रु. ६ लाख रुपैयाँ ,
- न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्नका लागि रु. २ लाख रुपैयाँ,
- दीगो विकासका लागि साझेदारी सशक्त बनाउनका लागि रु. २४ लाख रुपैयाँ विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

गाउँपालिका भित्र निर्माण गर्नुपर्ने विभिन्न गौरवका आयोजनाहरु मुख्य सडक देखि वडा कार्यालय जोड्ने सडकहरु, “क” वर्गमा वर्गिकृत गरिएका सडकहरु, अन्य महत्वपूर्ण सडकहरु, गाउँपालिका प्रशासकीय भवन निर्माण, वडा कार्यालय भवनहरुको निर्माण र स्तरोन्नति , गाउँपालिका भित्र निर्माण गर्नुपर्ने पार्क तथा पर्यटन पूर्वाधारहरुको निर्माण, खानेपानी तथा सिंचाई योजना निर्माण, आ.व २०८०/८१मा बाँकी रहने भुक्तानी आदिका लागि रकम रु. १४ करोड रुपैयाँ विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

**“सिरानचोक गाउँपालिकाको चौतर्फी विकास हाम्रो चाहाना”** अभियानलाई पुरा गर्नको लागि यो वजेट सार्थक सिद्ध हुने विश्वास लिएको छु । संघ तथा प्रदेशबाट प्राप्त गर्ने वित्तिय समानिकरण, सशर्त, राजश्व बाँडफाँडको रकम समयमा प्राप्त हुन्छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत गरिएको बजेट कार्यान्वयनबाट सिरानचोक वासिको समृद्धी, अधिकारको सुनिश्चतता, सार्वजनिक सेवाको प्रभावकारीता र गुणस्तर वृद्धि हुने विश्वास लिएको छु । आगामी आर्थिक वर्ष सिरानचोकको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, सामाजिक सेवा र सुशासनको क्षेत्रमा महशुस हुने गरी परिवर्तन हुने अपेक्षा राखेको छु । यस बजेट गाउँपालिकामा आवश्यक कार्ययोजना निर्माण गरी सबै सरोकारवाला र कर्मचारीहरुको सहकार्य र समन्वयमा प्रभावकारी रुपमा कार्य सम्पादन भई पुर्णरुपमा कार्यन्वयन हुनेमा विश्वस्त छु ।

अन्तमा वजेट तर्जुमा गर्दा मार्गनिर्देश गर्ने गाउँपालिकाका सभा सदस्य ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, बौद्धिक वर्ग तथा कर्मचारीहरु सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद ।**

**जय सिरानचोक,**
**रीता देवकोटा**
**उपाध्यक्ष**